# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ माघ २९ गते

### समग्र मानव अधिकार अवस्थाको बारेमा आयोगद्वारा जनकपुर क्षेत्रको स्थलगत अनुगमन

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष, सदस्य तथा सचिव सहितको टोलीले हालै सिराहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही र रौतहट जिल्लाको समग्र मानव अधिकार अवस्थाको बारेमा स्थलगत अनुगमन गरेको छ । अनुगमनका क्रममा टोलीले ती जिल्लाहरुको मानव अधिकारको अवस्था चिन्ताजनक र संवेदनशील रहेको पाएको छ ।

आन्दोलनका कारण लामो समय सम्म सरकारी कार्यालयहरु बन्द हुँदा सर्वसाधारणले दोब्बर जरिवाना तिरेर राजश्य महसुल बुझाउनु परेको तथा प्रहरीले गर्ने महत्वपूर्ण घटनाहरुको अनुसन्धानको काम कारबाही अगाडि बढ्न नसकेको अनुगमनका क्रममा पाइएको छ । आन्दोलनको क्रममा ज्यान गुमाएका तथा अङ्गभङ्ग भई घाइते भएका परिवारहरुको मानसिक तथा आर्थिक अवस्था दयनीय रहेको पनि पाइएको छ । आन्दोलनको क्रममा घाइते भएकाहरुको विवरण संकलन गरी उनीहरुको निशुल्क र प्रभावकारी उपचार गराउन आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

आयोगले न्यायाधीश, न्यायाधिवक्ता, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख, विभिन्न राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, मानव अधिकारकर्मी, संचारकर्मी, सर्वसाधारण लगायतसँग सामूहिक रुपमा छलफल तथा अन्तर्क्रिया गर्नुका साथै गैरन्यायिक हत्यासँग सम्बन्धित घटनाहरुको सम्बन्धमा निरीक्षण समेत गरेको छ । छलफलका क्रममा सहभागीहरुले आयोगले घटना घट्नु अघि र पछि पनि निष्पक्ष रुपमा अनुगमन तथा अनुसन्धान गरी सत्य तथ्य सार्वजनिक गरी दोषी उपर कारबाही गर्न माग गरेका थिए ।

अन्तर्क्रियामा आयोगका अध्यक्ष अनूपराज शर्माले मानव अधिकार संरक्षणका लागि आयोग प्रतिबद्ध रहेको भन्दै संविधानले दिएको संवैधानिक अधिकारमा रहेर आयोगले अनुगमन तथा अनुसन्धानको कार्यलाई अगाडि बढाउदै आएको र सिफारिश कार्यान्वयनमा सरकारलाई दबाब दिइरहेको बताउनुभयो । उहाँले मानव अधिकार हनन्का घटनाहरुमा दोषी देखिएका व्यक्तिको पहिचान गरी कारवाही गर्न सिफारिश गरेको लामो समय बितिसक्दा पनि अझै कार्यान्वयन हुन नसक्नु दुःखद रहेको बताउनुभयो । उहाँले भाषा, संस्कृति, पहिचान र अस्तित्वको संघर्ष मानव अधिकारको दृष्टिबाट उचित रहेको तर त्यस्तो संघर्ष अहिंसात्मक हुनु पर्ने र त्यसबाट कसैको अधिकार कुण्ठित हुने स्थिति सिर्जना हुन नदिने तर्फ सचेत रहनुपर्ने बताउनुभयो । अनूगमनमा आयोगका अध्यक्ष अनूपराज शर्मा, सदस्य मोहना अन्सारी, कामु. सचिव वेद भट्टराई तथा मानव अधिकार अधिकृतहरुको सहभागिता थियो ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता